**क्व्होलासोथार गाउँपालिका, मालिङ लमजुङ को २०७५।०५।०८ र ०९ गतेको गाउँकार्यपालिकाको वैठकका निर्णयहरु :**

- प्राविधिक शिक्षा संचालन सम्वन्धमा छलफल गर्दा क्व्होलासोथार गाउँपालिका वडा नं. १ मा अवस्थित श्री जनज्योति मा.वि., वाग्लुङपानिमा ३ वर्षे प्राविधिक शिक्षालय स्थापना गर्नको लागि आवश्यक प्रकिया अघि वढाउने निर्णय गरीयो । यसको निम्ति २०७५ साल असोज भित्र वृहत गोष्ठी आयोजना गर्ने र प्राविधिक शिक्षालय स्थापनार्थ निम्नानुसारको प्राविधिक शिक्षालय तदर्थ समिति गठन गर्ने निर्णय गरीयो ।

संयोजक : प्रेम व. घले – अध्यक्ष, क्व्होलासोथार गाउँपालिका

सदस्य : पेमा गुरुङ – अध्यक्ष, वडा नं. १ क्व्होलासोथार गाउँपालिका

सदस्य : वुद्धि गुरुङ – अध्यक्ष, वडा नं. २ क्व्होलासोथार गाउँपालिका

सदस्य : राजु गुरुङ – अध्यक्ष, वडा नं. ८ क्व्होलासोथार गाउँपालिका

सदस्य : सोम व. वि.क – कार्यपालिका सदस्य, वडा नं. १ क्व्होलासोथार गाउँपालिका

सदस्य : राकेश गुरुङ – प्रमुख प्रशासकि अधिकृत, क्व्होलासोथार गाउँपालिका

सदस्य सचिव : विल प्रसाद गुरुङ – प्रधानाध्यापक, श्री जनज्योति मा.वि., वाग्लुङपानि

- गुरुङहरुको आदिम तथा ऐतिहासिक थलो क्व्होलासोथार अध्ययन तथा अवलोकन भ्रमण २०७५ साल असोज महिनाको पहिलो हप्ता गर्ने र गाउँपालिकाको नेतृत्व वडा नं. ८ का अध्यक्ष श्री राजु गुरुङले गर्ने तथा गाउँपालिकाको टिम तमु प्ये लु संघ लमजुङ को टिम संग समन्वय गरी अवलोकन भ्रमण गर्ने निर्णय गरियो ।
- प्रदेश सरकारवाट यस गाउँपालिकामा कार्यान्वयन गरिने निम्न योजनाहरुमा समपूरक कोषवाट निम्नानुसारको व्ययभार व्यहोर्ने गरी निम्न निर्णयहरु गरियो ।

क) ढाग्रे वेसी मोटरेवल पुल – रु. २५ लाख

ख) वहुउद्धेशीय सभाहल निर्माण – कुल लागतको ३० प्रतिशत ( मालिङ )

ग) पार्क/ मनोरन्जन स्थल – कुल लागतको २० प्रतिशत ( घले गाउँ )

घ) सुविधायुक्त शौचालय निर्माण – कुल लागतको २० प्रतिशत ( घले गाउँ )

- क्व्होलासोथार गाउँपालिकाको माध्यामिक विद्यालयहरुमा विद्युतीय हाजिरी राख्ने निर्णय गरियो र कुल लागतको प्रत्येक विद्यालयको १० प्रतिशत व्यहोर्ने निर्णय गरियो ।
- क्व्होलासोथार गाउँपालिका भित्र रहेका विपन्न, सहारा विहिन तथा मानव अंगको प्रत्यारोपण गर्नुपर्ने अशक्त विरामीहरुलाई स्थानीय सरकारको दायित्व अनुभूत गराउन आन्तरिक स्रोतवाट व्यहोर्ने गरी प्रस्ताव गरीएको 'क्व्होलासोथार गाउँपालिका विशेष सामाजिक सुरक्षा कार्यविधि २०७५' माथि व्यापक छलफल गरी उक्त कार्यविधि पारित गर्ने निर्णय गरियो । जसअनुसार हाललाई वडा नं. ४ निवासी १८ वर्षिय पस व. गुरुङ लाइ मृगौला प्रत्यारोपण गर्न रु. १००००० सहयोग गर्ने निर्णय गरियो ।
- 'क्व्होलासोथार गाउँपालिका प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति मापदण्ड २०७५' आवश्यक संशोधन सहित पारित गरियो । जसअनुसार प्रत्येक वर्ष १५।१८ महिने तालिम को निम्ति प्रत्येक वडावाट १।१ जनालाई प्राविधिक शिक्षा अध्ययन गर्न छात्रवृत्ति प्रदान गर्ने र ३ वर्षे प्राविधिक शिक्षाको हकमा प्रत्येक वर्ष १ जना जनजाति र १ जना दलित विद्यार्थीलाई प्राविधिक शिक्षा अध्ययन गर्न छात्रवृत्ति प्रदान गर्ने निर्णय गरियो ।
- आ.व. ०७५।०७६ को 'वजेट कार्यान्वयन योजना' प्रगति सम्वन्धि समीक्षा गर्दा प्राविधिक कर्मचारीलाई तालिम दिने कार्य सकिएको तथा उपभाक्ता समिति गठन प्रकिया अगाडि वढिरहेको र पारित कार्य योजना अनुसार नै भइरहेकोले 'वजेट कार्यान्वयन योजना' सन्तोषजनक रहेको निर्णय गरियो ।
- गाउँपालिका भवन जग्गा व्यवस्थापन सम्वन्धमा छलफल गर्दा जग्गादाताहरुले प्रदान गरेको १७-१/२ रोपनि जग्गा पास गर्ने प्रक्रिया तत्काल सुरु गर्ने र सवै जग्गादाताहरुलाई कार्यपालिका वैठकले धन्यवाद ज्ञापन गर्दै आगामि गाउसभामा सम्मान गर्ने निर्णय गरियो ।
- क्व्होलासोथार गाउँपालिकामा रहेका ९ वटा स्वास्थ्य संस्थाहरुको आ.व. ०७४।०७५ को वार्षिक समीक्षा सम्पन्न गरियो । स्वास्थ्य संस्थामा अति आवश्यक Pressure Set लगायतका अति आवश्यक उपकरणहरु खरिद

गरिनुपर्ने, औषधिको आपूर्ति समयमै हुनुपर्ने वर्थिङ सेन्टरहरुलाई व्यवस्थित वनाउनु पर्ने लगायतका मागहरुको सम्वन्धमा आगामी दिनमा क्रमश पूरा गर्दै लैजाने निर्णय गरियो ।